# प्रभु क्यापिटल लिमिटेडको संस्थापक समूहको शेयर लिलाम बढाबढ प्रक्रियाद्धारा बिक्री गर्न शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८०/०७/२३**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/०८/२७**

प्रभु क्यापिटल लिमिटेडको संस्थापक समूहतर्फको १८,७५८ कित्ता शेयर प्रचलित नियम कानून तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्थाको अधिनमा रही संस्थापक समूहको शेयर सोही समूहमा नै रहने गरी लिलाम बढाबढद्धारा बिक्री गर्न यस कम्पनीको संचालक समितिको निर्णयबाट स्वीकृति प्राप्त भए बमोजिम उक्त शेयरहरु खरीद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनीहरुले **मिति २०८०/०८/२७ गते अपरान्ह ३:०० बजेभित्र बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं**मा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा खरीद गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

| लिलाम बढाबढद्धारा बिक्री गरिने धितोपत्रको विवरण : | | |
|---|---|---|
| बिक्रीको लागि प्रस्ताव गरिएको धितोपत्रको विवरण | : | १८,७५८ कित्ता (संस्थापक शेयर) |
| प्रस्ताव गरिएको न्यूनत्तम मूल्य | : | प्रति शेयर रू. ११०/- |

**शर्तहरू:**

१. बोलपत्र आवेदन फाराम बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ । आवेदकले फाराम खरीद गर्दा एनआइएमबि एस क्यापिटल लिमिटेडबाट छाप लगाएको आवेदन फाराम खरीद गरी लिनुपर्नेछ । छाप नलगाएको वा फोटोकपी गरी पेश गरिएको आवेदन फारामलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिनेछैन ।

२. शेयरको **न्यूनतम मूल्य प्रति शेयर रु. ११०/-** तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले शेयर खरीदका लागि एउटा मात्र बोलपत्र मार्फत आवेदन दिनुपर्नेछ । साथै बोलपत्र फाराम लाहाछाप लगाई शिलबन्दी गरिएको हुनुपर्नेछ ।

३. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर संख्या तथा आफूले कबोल गरेको प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन । कबोल गर्ने दर दशमलव पछिको दुई अंक मात्र मान्य हुनेछ ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, मोबाईल नम्बर, आफ्नो खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

५. संस्थापक शेयर खरीद गर्न ईच्छुक सम्पूर्ण बोलपत्रदाताले नियामक निकायबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूची ३) को विवरण (फोटो सहित), कर्जा सूचना केन्द्र लिमिटेडबाट प्राप्त कालोसूचीमा समावेश नभएको प्रमाणित हुने कागजात (बाँडफाँड हुने मिति सम्ममा तीन महिनाको अवधी कायम रहेको), आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, आफ्नो नाममा वा आफ्नो नाममा रहेको व्यवसायको स्थायी लेखा नं. का साथै नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गनुपर्नेछ ।

६. बोलपत्र पेश गर्दा **न्यूनतम १,००० कित्ता** वा सो भन्दा बढीको लागि १० ले भाग जाने संख्यामा वा अधिकत्तम सम्पूर्ण कित्ताका लागि आवेदन दिन सकिनेछ । रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नं. (PAN) आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

७. शेयर आवेदन फाराम नेपाली तथा अंग्रेजी भाषामा BOID मा भएको विवरण सँग हुबहु मिल्ने गरी पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्य तथा मर्चेन्ट बैंकर नियमावली, २०६४ को दफा १० को उप दफा ७ बमोजिमको रकम समेत गरी जम्मा हुन आउने मूल्य मिति २०८०/०८/२७ गतेसम्म तल उल्लेख गरे बमोजिमको बैंक खातामा धरौटी बापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) वा Connect IPS वा IPS मार्फत रकम बुझाइएको भए सो को Transaction Copy संलग्न गर्नुपर्नेछ वा एनआइएमबि एस क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for payment Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्ध हुनेछ । Connect IPS वा IPS मार्फत रकम जम्मा गर्दा लाग्ने शुल्क आवेदक स्वंयले नै व्यहोर्नु पर्नेछ ।

| क्र.सं. | बैंकको नाम र शाखा | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं | NIMB Ace Capital -Auction | 03601040266185 |

८. आवेदनका साथ देहाएका कागजात संलग्न गर्नुपर्नेछ :

क. आवेदक नेपाली नागरिक भएमा आवेदनका साथ तीनप्रति फोटो, आवेदक स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा बुंदा नं. ५ बमोजिमको आवश्यक कागजात ।

ख. आवेदक नेपालमा दर्ता भएको संगठित संस्था/कम्पनी भएमा कम्पनीको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नं., शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपि, संस्थाको विगत दुई आर्थिक वर्ष देखि संचालन मुनाफामा रहेको वित्तीय विवरण, संस्थाका संचालकहरुको कर्जा सूचना केन्द्रबाट प्राप्त कालोसूचीमा समावेश नभएको प्रमाणित हुने कागजात (बाँडफाँड हुने मिति सम्ममा तीन महिनाको अवधी कायम रहेको) कम्पनीको प्रबन्धपत्र, नियमावलीको प्रतिलिपि तथा बुंदा नं. ५ बमोजिमको आवश्यक कागजात ।

९. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर "**प्रभु क्यापिटल लिमिटेड - शेयर खरीद आवेदन (संस्थापक समूह)**" उल्लेख भएको हुनुपर्नेछ ।

१०. बोलपत्र मिति २०८०/०८/२७ गते बुधबार अपरान्ह ३:०० बजेभित्र एनआइएमबि एस क्यापिटलमा दर्ता भई सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन । साथै, बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

११. प्राप्त शिलबन्दी बोलपत्रहरु मिति २०८०/०८/२८ गते बिहीबार दिउंसो ३:०० बजे एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा बोलपत्रदाता वा निजद्वारा लिखित रुपमा नियूक्त प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा सोही स्थानमा बोलपत्र खोलिनेछ ।

१२. रितपूर्वक आवेदन गर्ने आवेदकहरु सबैलाई बाँडफाँडमा समावेश गरिने छ । बिक्रीको लागि आव्हान गरिएको शेयर संख्या भन्दा बढी संख्यामा शेयर खरीदका लागि आवेदन प्राप्त हुन आएमा माग गरेको शेयरको आधारमा समानुपातिक रुपमा निकटतम पूर्ण अंकमा शेयर बाँडफाँड गरिनेछ । यसरी बाँडफाँड गर्दा समेत केही शेयर कम वा बेशी हुन गएमा आवेदन गरेको शेयर संख्याको आधारमा थपघट गरी सम्बन्धित कम्पनीको सञ्चालक समितिको निर्णयानुसार पूर्ण अंकमा रहने गरी शेयर बाँडफाँड गरिनेछ ।

१३. बाँडफाँडमा परेका बोलपत्रदाताहरुलाई बाँडफाँड गरिने शेयरको सम्बन्धित कम्पनीको सञ्चालक समितिबाट बाँडफाँडको प्रारम्भिक स्वीकृति भई नियामक निकायबाट अन्तिम स्वीकृति प्राप्त भए पश्चात् मात्र बाँडफाँड गरिने छ । कथंकदाचित नियामक निकायबाट बाँडफाँडका लागि स्वीकृति प्राप्त भएमा वा माग गरेको शेयरमध्ये आंशिक शेयरका लाीग मात्र स्वीकृति प्राप्त भएमा स्वीकृति प्राप्त भए बमोजिमको शेयर बाँडफाँड गरिने छ । यसरी गरिएको बाँडफाँड बोलपत्रदातालाई स्वीकार्य हुनुपर्नेछ । बाँडफाँडको अन्तिम स्वीकृति प्राप्त भए पश्चात् मात्र शेयर नामसारीको प्रकृया अगाडी बढाइने छ ।

१४. दरखास्त फारामसाथ बुझाएको अन्य शुल्क तथा दस्तुर अपुग भएमा वा केही कारणवश परिवर्तन हुन गएमा सो पुनः माग गर्न कुनै बाधा पर्ने छैन ।

१५. बोलपत्र आवेदनहरुमध्ये बाँडफाँडमा नपरेको आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम अन्तिम बाँडफाँड पश्चात् धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा तोकिएको समयावधिभित्रमा IPS मार्फत आवेदकहरुको बैंक खातामा सोझै फिर्ता भुक्तानी गरिनेछ । साथै, यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

१६. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि बाँडफाँडमा परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गरिनेछ र बाँकी रहेको शेयर सम्बन्धित बिक्रेताको स्वीकृतिमा पुनः लिलाम बढाबढ गरी बिक्री गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा नियमनकारी निकायको राय सुझाव लिई सोही बमोजिम विवादको समाधान गरिनेछ र सो निर्णय खरीदकर्ता तथा बिक्रेता दुबैलाई मान्य हुनुपर्नेछ ।

**बिक्री प्रवन्धकः**

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलः info@nimbacecapital.com, वेबसाइटः www.nimbacecapital.com

मिति २०८०/०८/२३ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने